प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# पुष्प विकास केन्द्र,

बागमती प्रदेश, गोदावरी, ललितपुर

## शिलबन्दी दरभाउपत्र तथा बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०७७/१२/३०)

यस केन्द्रमा यस आ.व. २०७७/०७८ मा तपसीलका कार्यहरु ठेक्काबाट गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित मितिले निर्धारित समयभित्र तपसीलमा उल्लेखित शर्तहरुको अधिनमा रही इच्छुक इजाजत प्राप्त कम्पनी/व्यवसायीबाट शिलबन्दी दरभाउपत्र तथा बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।

**शर्तहरु :**

१. दरभाउपत्र/बोलपत्र फारम निर्धारित समयभित्र कार्यालय समयभित्र दरभाउपत्र/बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रु. १०।- को टिकट टाँस गरिएको निवेदन तथा तल उल्लेख भए बमोजिमको रकम (पछि फिर्ता नहुने) बुझाई यस केन्द्रबाट खरीद गर्न सक्नेछ । निवेदनको साथमा चालु आ.व. को लागि नविकरण भएको इजाजत पत्र, आयकर एवं मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७६/७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ । सि.नं. १ को ठेक्काको लागि अन्य कागजातको साथ सरकारी वा अर्धसरकारी निकाय वा विश्वविद्यालय वा नीजि अनुसन्धान प्रतिष्ठानमा पछिल्लो ३ आर्थिक वर्षभित्र कम्तिमा रु. पचास लाख बराबरको प्रयोगशाला उपकरण आपुर्ति गरेको प्रमाण समेत पेश गर्नु पर्नेछ ।

२. सिलबन्दी दरभाउपत्र फारमको लागि रु. १०००।- (अक्षरेपी रु. एक हजार मात्र) नगदै (फिर्ता नहुने गरी) यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म र बोलपत्र फारमको लागि रु. ३०००।- (रु. तीन हजार मात्र) नगदै (फिर्ता नहुने गरी) यो सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म बुझाई प्राप्त गर्न सकिने छ ।

३. दरभाउपत्रको हकमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र यस केन्द्रमा दाखिला गरिसक्नु पर्नेछ । प्राप्त शिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे खोलिने छ । बोलपत्रको हकमा यो सूचना प्रकाशित मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र यस केन्द्रमा दाखिला गरिसक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु सोही दिन दिनको २:०० बजे खोलिने छ । तोकिएको समयमा बोलपत्र/दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा बोलपत्र/दरभाउपत्रहरु खोलिने छ । प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा बिदापछि कार्यालय खुलेको पहिलो दिन माथि उल्लेखित समयमा फारमहरु बुझाउने र खोल्ने कार्य हुनेछ ।

४. दरभाउपत्र/बोलपत्र फारमसाथ तल उल्लेख भए बमोजिमको धरौटी रकम श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरको नाममा श्री नेपाल बैङ्क लि., गाबहाल, ललितपुरमा रहेको धरौटी खाता नं ०१८०२०००००२००३००००१ (कार्यालय कोड नं. ३१२०१३४०२३) मा नगद जम्मा गरिएको सक्कल भौचर वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस केन्द्रको नाममा जारी गरिएको दरभाउपत्र/बोलपत्र बुझाउने अन्तिम दिनबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (बिड बण्ड) को सक्कल प्रति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय पुष्प विकास केन्द्र, गोदावरी, ललितपुर, बागमती प्रदेश, नेपाल

५. दरभाउपत्र/बोलपत्र फारममा आइटमवाइज दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. दरभाउपत्र/बोलपत्रदाताले दरभाउपत्र/बोलपत्र साथ दरभाउपत्र/बोलपत्रदाता खरीद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरीद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वयं घोषणाको सक्कल प्रति समेत पेश गर्नु पर्नेछ ।

७. सि.न. १ का लागि बोलपत्रदाताले फारममा उल्लेखित स्पेशिफिकेशन बमोजिम निर्माणकर्ताद्वारा जारी गरिएको प्रत्येक मेशिनरी उपकरणहरुको Product Catalogue समेत अनिवार्य रुपमा बोलपत्रका साथ पेश गर्नु पर्नेछ ।

८. यस सूचनाको सि.नं १, ४, ६ र ७ मा उल्लेख भए बमोजिमको कागजातहरु संलग्न नभएको, रित नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत, छाप नभएको दरभाउपत्र/बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९. दरभाउपत्र/बोलपत्र र अन्य कागजातहरुलाई शिलबन्दी खामभित्र राखी खाम बाहिर दरभाउपत्र/बोलपत्र दाताको नाम र ठेगानाका साथै ठेक्का नम्बर स्पष्टसँग उल्लेख गर्नु पर्नेछ ।

१०.. दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहने छ ।

११. यस सूचनामा उल्लेख गर्न छुट भएका अन्य शर्त/ब्यहोराहरु दरभाउपत्र/बोलपत्र फारममा उल्लेख भए बमोजिम साथै सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानून अनुसार हुनेछ ।

तपसील :

| सि. नं. | ठेक्काको किसिम | ठेक्का नं. | कामको विवरण | फारम दस्तुर | धरौटी/बैंक ग्यारेण्टी रकम | लगत इष्टिमेट अंक (भ्याट सहित) |
|---|---|---|---|---|---|---|
| १ | बोलपत्र | FDCGodawari/goods/01/077-78 | Supply of tissue culture lab equipments | ३०००।०० | १,२५,०००।०० | ४९,९९,८७७।०० |
| २ | दरभाउपत्र | FDCGodawari/works/04/077-78 | Construction of drinking water supply system | १०००।०० | ५०,०००।०० | १९,३१,२०४।९२ |

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय पुष्प विकास केन्द्र, गोदावरी, ललितपुर, नेपाल बागमती प्रदेश